# JOINT MEDIA ADVISORY

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**राष्ट्रपतिले "जातीय विभेद तथा छुवाछुत अन्त्य गर्न" राष्ट्रिय दलित आयोग र उच्चायुक्तको कार्यालयद्वारा आयोजना हुने १०० दिने अभियानको उद्घाटन गर्ने**

२०६८ भदौ २९ गते

नेपालका राष्ट्रपति सम्माननीय डा. रामवरण यादवले भदौ ३० गते काठमाडौंको शीतल निवासस्थित उहाँको कार्यालयमा आयोजना हुने समारोहमा "जातीय विभेद तथा छुवाछुत अन्त्य गर्न म प्रतिबद्ध छु" शीर्षकको १०० दिने अभियानको उद्घाटन गर्नुहुनेछ। राष्ट्रिय दलित आयोग (आयोग) तथा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल) को संयुक्त पहलमा हुने सो उद्घाटन समारोहपश्चात् अपराह्न जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनसम्बन्धी राष्ट्रिय परामर्शको आयोजना गरिनेछ।

राष्ट्रपतिको कार्यालयमा हुने उद्घाटन समारोहमा आमन्त्रित सहभागीहरूमा स्थानीय विकासमन्त्री टोपबहादुर रायमाझी, कूटनीतिक समुदायका सदस्यहरू, चर्चित हास्यकलाकारहरू मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा अन्य विशिष्ट अतिथिहरू रहेका छन्। राष्ट्रिय परामर्श कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नभी पिल्लेको भिडियो सन्देश प्रदर्शन गरिनेछ।

आयोग र उच्चायुक्तको कार्यालयले जातीय भेदभाव तथा छुवाछुत विधेयकको मस्यौदालाई शीघ्र रूपमा पारित गर्न तथा यसलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन सन् २००८ मा संयुक्त रूपमा वकालती गरे। नेपालभरका मानवअधिकार रक्षकहरूसँग मिलेर सहकार्य गर्नाले यसै वर्षको जेठ महिनामा यससम्बन्धी नयाँ कानुन बनी यी प्रयासहरूलाई सफलता मिल्यो। तर, नयाँ कानुनलाई सफल बनाउन जनस्तरमा यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ जुन यस अभियानको एक केन्द्रीय लक्ष्य हो।

वि.सं. २०६८ पुस ९ गते १०० दिने अभियान पूरा नभइन्जेलसम्म सरकारी अधिकारीहरू, दलित सञ्जाल, सञ्चार जगत तथा नागरिक समाजका सङ्गठनहरूसँग मिलेर विभिन्न जनजागरण गतिविधिहरू देशव्यापी रूपमा आयोजना गरिनेछन्। आयोग र उच्चायुक्तको कार्यालयले नेपालमा जातीय विभेद तथा छुवाछुत प्रथा शीघ्र रूपमा उन्मूलन गर्नमा योगदान पुऱ्याउन र त्यसमा अगाडि बढ्न निजी प्रतिबद्धता व्यक्त गर्न सबै नेपालीलाई आह्वान गरेका छन्।

कृपया यस पहलमा सघाउन पुऱ्याउन औँठाछापमा क्लिक गरेर आफ्नो प्रतिबद्धता जनाउन र अभियानका आगामी कार्यक्रमहरूबारे थाहा पाउन तल दिइएको अभियानको वेबसाइट हेर्नुहोलाः

www.100daysagainstcastediscrimination.com


National Dalit Commission, Nepal
Tel: +977 1 4479828
Website: http://www.ndc.gov.np
For further information, contact
Jeevan Pariyar
Email: info@ndc.gov.np
Mobile: 9841 385211

Office of the High Commissioner for Human Rights, Nepal
Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937